विधेयक संख्याः २६

मितिः

# प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) विधेयक
# २०७५

प्रदेश सभा सचिवालय
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०७५

प्रस्तावनाः प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा बनेको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ (यस पछि "मूल ऐन" भनिएको) को दफा ९ को उपदफा (१) मा संशोधनः प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ को उपदफा (१) मा रहेको "२ महिना अगावै" भन्ने शब्दको सट्टा "१५ दिन अगावै" भन्ने शब्द राखिएको छ ।

३. मूल ऐनको दफा ९ को उपदफा (२) मा संशोधनः मूल ऐनको दफा ९ को उपदफा (२) मा रहेको "१ महिना भित्र" भन्ने शब्दको सट्टा "७ दिन भित्र" भन्ने शब्द राखिएको छ ।

उपरोक्त सम्बन्धमा मिति २०७६/१/१९ गते बसेको प्रदेश सभाको तेस्रो अधिवेशनको ३० औं बैठकले पारित गरेको विधेयक "प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०७५" नेपालको संविधानको धारा २०१(१) बमोजिम प्रमाणित गर्दछु ।

__________________

मा. प्रदिप कुमार भण्डारी

सभामुख